आज मिति २०७८।०६।०१ गते शुक्रवार दिनको १:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | **नाम थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | अनुपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | अनुपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | अनुपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | अनुपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | अनुपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | अनुपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजन कुमारी राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृतस्तर सातौं | उपस्थित |
| २ | झमक भट्टराई | अधिकृत स्तर छैटौं | उपस्थित |
| ३ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | उपस्थित |

**<u>प्रस्तावहरु</u>**

१. अघिल्लो वैठकको समिक्षा ।

२. खोलाको ठेक्का सम्बन्धमा ।

३. कविर मा.वि. बेलबारी – २ को भवन निर्माण र वडा कार्यालयको भवन निर्माण सम्बन्धमा ।

**<u>निर्णयहरु</u>**

**निर्णय नं.१ः** नगर कार्यपालिकाको मिति २०७८।०५।२० गतेको वैठकले गरेका निर्णय उपर समिक्षा गर्दा सबै निर्णयहरु कार्यान्वयन तहमा गएको पाईयो ।

**निर्णय नं.२ः** बेलबारी नगरपालिका क्षेत्रमा रहेको चिसाङ र लोहन्द्रा खोलाको ठेक्का व्यवस्थापनका लागि उल्लेखित खोलाहरुमा मेशीनरी औजार प्रयोग गरी नदिजन्य पदार्थको उत्खनन्, संकलन गरी बिक्री गर्ने अवस्था नरहेकोहुँदा श्रमजन्य प्रविधि र औजारबाट मात्र उत्खनन् संकलन गरी ठेक्का बन्दोबस्त गर्न गराउन के कस्तो आधार र प्रकृया अवलम्बन गर्नु पर्ने हो सो सम्बन्धमा आवश्यक निर्देशनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १ विराटनगरसँग अनुरोध गर्ने र ठेक्का व्यवस्थापन नभएसम्मको लागि कार्यालयबाट कर्मचारी वा वडाको सिफारिसमा संकलनकर्ता तोकि कर संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ः** कविर मा.वि. बेलबारी –२ को भवन निर्माणको लागि ठेक्का बन्दोबस्त भएकोमा उक्त भवनको कूल लागतको ४० प्रतिशत नगरपालिका र ६० प्रतिशत जिल्ला समन्वय समिति मोरङले लागत साझेदारीता व्यहोर्ने तथा वडा कार्यालयको भवन निर्माणको लागत साझेदारीता समेत नगरपालिकाको ४० प्रतिशत र जिल्ला समन्वय समिति मोरङको ६० प्रतिशत व्यहोर्ने गरी ठेक्का बन्दोबस्त भएकोहुँदा ठेक्का बन्दोबस्त न्यून लागतमा भई योजना संचालन भईरहेको तथा उक्त ठेक्काको बाकी बजेटबाट भगवती मा.वि. बेलबारी – ३ को ट्रस्ट निर्माण योजना समेत सोही मापदण्ड बमोजिम संचालन गर्न जिल्ला समन्वय समिति मोरङलाई अनुरोध गर्ने निर्णय गरियो ।